**कार्यक्रमको नाम :** इनरुवा नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको सार्वजनिक सुनुवाई कार्यक्रम अन्तरगत नागरिक सन्तुष्टी सर्वे र बहिंगम अभिमत भर्ने

**कार्यक्रम सम्पन्न भएको मिति : २०८२/०९/१८ गते**

**प्रतिवेदन तयार गरेको मिती : २०८२/०९/१९ गते**

**१. सम्पन्न कार्यक्रमको संक्षिप्त बिवरण :**

| | |
|---|---|
| बजेट क्रियाकलाप शिर्षक | इनरुवा नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको सार्वजनिक सुनुवाई कार्यक्रम अन्तरगत नागरिक सन्तुष्टी सर्वे र बहिंगम अभिमत भर्ने आ.व.२०८२।०८३ पहिलो चौमासिक कार्यक्रम |
| सहभागी छनौट | इनरुवा नगरपालिका भरीका सरोकारबालाहरु सहित जनप्रतिनिधि र सबैलाई समेटीने गरी छनौट गरियो । |
| सम्पन्न : मिति/अवधि/समय | २०८२ मंसिर २८ गतेदेखी २०८२ पुस १८ गतेसम्म सर्वे सहित सरोकारबालाहरुसंग अन्तरवार्ता, तथ्य तथ्यांक संकलन गरेकोमा २०८२/०९/१८ गते बिहान नजीता सार्वजनिकिकरण कार्यक्रम सम्पन्न गरेको । |
| स्थान | श्री इनरुवा नगरपालिका, नगरकार्यपालिकाको कार्यालय परिसर |
| कार्यक्रमको उदेश्य | (क) इनरुवा नगरपालिका तथा १० वटै वडा कार्यालयबाट प्रदान गरिने विभिन्न सेवाहरू र त्यस सम्बन्धी सामुदायिक क्रियाकलापहरूका बारेमा नागरिक सेवाग्राही समुदायलाइ जानकारी गराई पारदर्शिता कायम गर्ने ।<br>(ख) आमनागरिक (महिला, गरिब, पिछडिएका एवम् बन्चित समुदाय समेत) को प्रत्यक्ष सहभागिताका आधारमा गाउँपालिकाको सेवाप्रति उनीहरूको अधिकार, जिम्मेवारी र अपनत्वको भावना विकास गर्ने ।<br>(ग) सेवाप्रदायक निकायहरूलाई आमनागरिक विशेषगरी महिला, गरिब, जोखिममा रहेका, पिछडिएका, बन्चित एवम् साविकको ग्राणिम क्षेत्रमा बसोबास गर्ने समुदायप्रति जवाफदेही बनाई नगरको सेवाका अपेक्षित उपलब्धिहरू हासिल गर्ने कार्यमा योगदान पुऱ्याउने । र<br>(घ) आमनागरिक र वडाका बीचमा सही सूचना आदान-प्रदान, छलफल र नियमित संवाद गर्ने परिपाटीको विकास गर्ने । सेवा प्रवाह गर्दाको नतिजा थाहा पाउने, नागरिक वा सेवाग्राहीको सन्तुष्टी मापन गर्ने तथा तथ्य र तथ्यांकको विषलेशण गरि योजना निर्माणमा सहयोग गर्ने |

**अन्य बिवरण :** सुनसरीको इनरुवा नगरपालिका कार्यालयले आफ्नो चालु आर्थिक वर्ष २०८२।०८३ को विकास योजना तथा कार्यक्रमहरुको सार्वजिक सुनुवाई गर्ने क्रममा नागरिकहरुको अभिमत, सन्तुष्टी मापन गर्ने कार्यक्रम सम्पन्न गरेको छ । साझेदारी नेपाल इनरुवा सुनसरीको सहजिकरणमा इनरुवा नगरपालिका कार्यालयमा सार्वजनिक सुनुवाई कार्यक्रम अन्तरगत नागरिकहरुको अभिमत, सन्तुष्टी मापन गर्ने कार्यक्रम सम्पन्न गरेको हो ।

कार्यक्रममा सबै वडा भित्रका वडा कार्यालयहरु र सबै विषयगत सामाजिक संघ संस्था, राजनितिक दलका प्रतिनिधि, पत्रकार, नागरिक समाजका अगुवा, कर्मचारी, बुद्धिजिवि, व्यापारी लगायत नगर तथा वडाबासीहरुको उल्लेखय उपस्थिति रहेको थियो । कार्यक्रममा सामाजिक गतिविधि, विकास निर्माण,

शिक्षा, स्वास्थ्य, सडक विस्तार, कालोपत्रे, सडकबत्ति, फोहोर व्यवस्थापन लगायतका अन्य विषय वस्तुहरुमा समेत जिज्ञासा राखिएको थियो भने यस को बारेमा सहभागीहरुले चर्चा गरेको थियो । कार्यक्रम वडा अध्यक्ष असोक साह तेलीको सभापतित्वमा सम्पन्न भयो । सम्पन्न भएको कार्यक्रममा २२० जना भन्दा बढि सेवाग्राहि नागरिक, राजनीतिक दल, विषयगत कार्यालयहरुको एवं प्रतिनिधिको उपस्थिती भएको थियो ।

कार्यक्रममा इनरुवा नगरपालिका क्षेत्रभरीमा सयौ बिघा सार्वजनिक, एलानी जग्गा सहित सार्वजनिक सम्पती अतिक्रमण बढेकाले त्यसको सरक्षण गर्नुपर्ने, स्मसान घाट, स्कूल तथा सार्वजनिक बाटो, नहर सहितको सार्वजनिक सम्पती अतिक्रमण बढेकाले त्यसको नापजाँच गरेर छुट्याई सरक्षण गर्नुपर्ने , कार्यालयसमयसम्म सबै जनप्रतिनिधिहरु र कर्मचारीहरु कार्यालयमा बस्नुपर्ने, सामाजिक न्यायको पक्षमा काम गर्नुपर्ने, विकास निर्माणमा पारर्दशिता र गुणस्तर हुनुपर्ने सुझाव दिएका छन् । सुनसरीको सदरमुकाम समेत रहेको इनरुवा नगरपालिकाले आयोजना गरेको आर्थिक वर्ष २०८२।०८३ को नगरपालिकास्तरीय सार्वजनिक सुनुवाई तथा टोलबस्तीको योजनाहरुको कार्यान्वयनका बारेमा सुनुवाई कार्यक्रम अन्तरगत नागरिकहरुको अभिमत, सन्तुष्टी मापन गर्ने गरेको हो ।

नगर प्रमुखले विकासका कामहरु जनताको माग र आवश्यकता अनुसार नै गरेको, समयसमयमा केही राम्रो काम भएको र सार्वजनिक चासोका विषयमा स्रोतले भ्याएसम्म राम्रो काम गरेको बताउनुभयो । उहाँले सार्वजनीक सम्पती संरक्षणमा प्रयासरत्त रहेको बताउनुभयो । उहाँले स्थानीयहरुको साथ र सहयोगमा सबै काम सम्भव हुने भएकाले सार्वजनीक सम्पती संरक्षणमा लागिपरेको बताउनुभयो ।

**कार्यक्रमको पृष्टभुमी :** कोशी प्रदेशको एक जिल्लाको रुपमा रहेको सुनसरीको इनरुवा नगरपालिकाको कार्यालयको विनियोजित सार्वजनिक सुनुवाई कार्यक्रम अन्तरगत नागरिक सन्तुष्टी सर्वे र बहिर्गमन अभिमत भर्ने कार्य सम्पन्न भएको छ । कार्यक्रममा पहिलो चरणमा २२० बढी स्थानीयहरु सरोकारवाला र जनप्रतिनिधिहरु तथा सर्वे र अन्तरवार्तामा ५० जनाको सकृय सहभागीतामा सम्पन्न गरेको हो ।

**लाभान्वित संख्या:** इनरुवा नगरपालिका १० वटै वडा र इनरुवा नगरकार्यपालिकाको कार्यालयकाको सबै वडा भरी सहित सबै क्षेत्रका (समावेशि आधारमा) अप्रत्यक्ष रुपमा लाभान्वित भएका छन् ।

**कार्यक्रमको आशातित उपलब्धि :-**

- वडा तथा नगरपालिकाको आफ्नो कार्यक्रमहरुका बारेमा नागरिकको सन्तुष्टी र सुझाव विषयमा सूचना आदानप्रदान भएको छ
- नागरिकहरुको सेवा प्राप्ती प्रतिको अवस्था थाहा भएको छ ।
- सशुासन र पारर्दिशताको अभ्यासको कार्य भएको छ ।
- सरोकारबालाहरुको नगर तथा वडाको सूचनाको पहुँचमा वृद्धि र क्षमता विकासको आधारभुत ज्ञान हासिल गरि जनमैत्री काम र सुशासन कायममा योगदान गर्न सक्ने भएको छ ।

Partnership Nepal, Sunsari
Estd. 2070

**निषकर्श :** यस कार्यक्रमबाट नागरिकहरुले उत्साह पूर्वक आफ्नो धारणा, सुझाव र प्रश्नहरु आफ्नै वडामा राख्न पाएका छन भने पदिय जीम्मेबारीमा बसेकाका लागि कार्यक्रममा प्रश्न, सुझाव, प्रतिकृया राख्न र जनमैत्री सुशासनयुत्त नगरनिर्माण र विकासका बारेमा जान्न पाएको छ भने कुराहरु कार्यक्रममा राख्न पाएका छन् ।

त्यसैले आएका सुझावहरुलाई कार्यान्वयन गर्नका लागि नीतिगत व्यवस्था, जनशक्तीको परिचालन गरेर नगरपालिकाका सेवालाई गुणस्तर बनाउनुपर्ने र कार्यक्रमहरु प्रभावकारी गरेर सुचकहरु पुरा गर्न तर्फ ध्यान दिनुपर्छ ।

..............................

जयकृष्ण यादव ( सहजकर्ता)

(प्रतिवेदक )

साझेदारी नेपाल, सुनसरी
Estd. 2070
Partnership Nepal, Sunsari



CS CamScanner

**इनरुवा नगरपालिका कार्यालय सुनसरीको २०८२ मंसिर र पुस १८ गतेको सार्वजनिक सुनुवाई कार्यक्रम अन्तरगत नागरिक सन्तुष्टी र बहिर्गमनको सार्वजनिककिरण कार्य तालिका**

| क्र. स. | मिति : समय | विषय बस्तु | प्रशिक्षक । जिम्मेबारी |
|---|---|---|---|
| क) | २०८२ ।०८।१८ गते देखी २०८२,०९,१८ गतेसम्म दैनिक विहान १० देखी ३ बजेसम्म | नागरिक अभिमन सर्वे, सिटिजन रिर्पोट संकलन र तथ्य तथा शाखागत विवरण अध्यक्ष संकलन गर्ने | जयकृष्ण यादव तथा कर्मचारीहरु |
| ख) | २०८२ ।०८।१८ गते | | |
| १ | ८:०० देखी ०८:१५ | नाम दर्ता, परिचय र स्वागत | आयोजक |
| २ | ८:२०देखी ०८:४० | कार्यक्रमका बारेमा परिचय र सहभागीको दायित्व सवालमा जानकारी तथा नगरपालिकाको प्रगति विवरण स्तुतिकरण | सहजकर्ता तथा प्रमुख प्रशासकिय अधिकृत डिल्लीराज निरौला |
| ३ | ०८:४० देखी ९:२० | प्रगतिको संक्षिप्त प्रस्तुतिकरण | सहित क्रमश:... |
| ४ | ९:२०देखी ९:५० | साझेदारी नेपालले तयार पारेको बहिरगम पत्र र नागरिक प्रतिवेदन सार्वजनिकिरण | जयकृष्ण यादव |
| ५ | ०९:५० देखी १०:१० | सरोकारवालाको जिज्ञासा, प्रश्न र सुझाव संकलन तथा जवाफ, प्रतिवद्धा र भुमिका | जयकृष्ण यादव सहजिकरण सहित सरोकारकारका पक्षहरु |
| ६ | १०:१०देखी १०:२० | अन्तिम पृष्टपोषण सहित समापन | |
| ७ | १०:२५ पछि | खाजा र पानी वितरण सहित | सहभागी सबै सरोकारवालाहरु |

Partnership Nepal, Sunsari
Estd. 2070



CamScanner

**साझेदारी नेपाल , इनरुवा ९, सुनसरीको सहजिकरणमा इनरुवा नगरपालिका कार्यालय सुनसरीको सार्वजनिक सुनुवाई कार्यक्रम २०८२।०८३ अन्तरगत तयार गरिएको वहिर्गमन अभिमत प्रतिवेदन**

**वहिर्गमन अभिमत (Exit Pool) संकलन गर्ने ढाँचा**

बुदाँ नम्बर ३.४.१ संग सम्बन्धित

| सि.नं. | सेवाको नाम | मूल्यांकन उपयुक्त कोष्ठमा रेजा ( )- लगाउनुहोस | | |
|---|---|---|---|---|
| १ | सेवा लिन को संग सर्म्पक गर्ने भन्ने बारेमा तपाईलाई स्पष्ट जानकारी भयो ? | अति स्पष्ट | ठीकै | अस्पष्ट |
| | | ८४% | १४ % | २ % |
| २ | सेवा प्रदायक कर्मचारीले तपाईका आवश्यकता र अपेक्षा कति बुझे जस्तो लाग्यो ? | अति धेरै | ठीकै | थोरै |
| | | ७० % | २० % | १० % |
| ३ | तपाई प्रति सेवाप्रदायक कर्मचारीले कस्ता व्यवहार गर्‍यो ? | मिलनसार र मैत्रीपूर्ण | ठीकै | अभद्र । अमर्यादित |
| | | ६० % | ३० % | १० % |
| ४ | सेवा प्राप्त गर्न आवश्यक सूचनाहरु(प्रमाण कागजात र शुल्क दस्तुर बारे तपाईलाई सेवाप्रदायक कर्मचारीले स्पष्ट गरे की ? | अति स्पष्ट | ठीकै | अलमल हुने गरि अस्पष्ट |
| | | ७० % | २० % | १० % |
| ५ | तपाईले राख्नुभएको समस्यालाई के कस्ता समाधान दिए ? | अति सजिलो | ठीकै | समाधान दिएन |
| | | ७० % | २० % | १० % |
| ६ | सेवा प्राप्त गर्न अपनाइएका प्रकिया के कस्तो लाग्यो ? | अति सजिलो | ठीकै | लामो र झन्झटिलो |
| | | ७० % | २० % | १० % |

**कार्यालयका कुन कुन पक्षमा धेरै राम्रो लाग्यो, कुन कुन पक्षलाई सुधार गर्नुपर्ने देखियो ?**

| **राम्रा लागेका कुराहरु** | **सुधार गर्नुपर्ने विषयहरु** |
|---|---|
| १. कार्यालय समयसम्म कर्मचारीहरु बस्नुहुन्छ<br>२. भित्रि सडकबाटोमा कालोपत्रे र आरसीसी ढलानको काम सुरु भएको छ । बजार क्षेत्रमा खानेपानीको पाईप विस्तार भएको छ साविक बबिया ८ र ९ जोड्ने बाटोमा कालो सहित विकास निर्माणको कामले गति लिएको छ ।<br>३, प्रतिस्प्रधाबाट प्रधानाध्यापको नतिजा सार्वजनिक भएकोछ। शिक्षा सुधार कार्यक्रममा नयाँपन देखिएको छ। नागरिकको सेवामा वडामा जनप्रतिनिधि र कर्मचारीले राम्रो व्यवहार गरेको छ।<br>४, सेवाग्राहीहरुलाई सेवा प्राप्त गर्न चाहिने अति आवश्यक सूचनाहरू स्पष्ट गरिदिने गरेको छ ।<br>५, आधारभुत तहका विद्यालयमा प्रधानाध्यापक नियुक्ती प्रतिस्प्रधाबाट भएको छ ।<br>६, सबै स्वास्थ्य चौकीमा निशुल्क औषधी पाएको छ<br>७, नागरिकहरुको गुनासो, प्रश्न र समस्या सुन्न विगतमा वडा वडामा सार्वजनिक सुनुवाई कार्यक्रम गरिएको छ । विगतको भन्दा विकासका काममा वृद्धि भएको छ ।<br>८, घरनक्सा पास गरेर भवन निर्माणको काम सुचारु भएको छ<br>९, इनरुवा नगरपालिका र वडा कार्यालयको प्राय सबै योजना सम्झौता भएर कार्यान्वयनको चरणमा रहेको छ ।<br>१०,विकासका कार्यहरुको टेण्डर तथा कोटेसनबाट भएको छ ।<br>११, नागरिकको दुखसुखमा जनप्रतिनिधिहरु आउने गरेका छन् ।<br>१२, वडा तथा नगरका योजना, कार्यक्रम तथा विकासका कार्यहरु सूचना पाटीबाट सार्वजनिक गरिएको छ । | १.इनरुवा कौवाखोचको बाटो निर्माणमा तत्काल ध्यान दिनुपर्ने, सुख्खामा बाटोमा धुलो र वर्खामा हिलोमा भएकाले त्यसमा ध्यान दिनुपर्ने, नागरिकको मानव स्वास्थ्यलाई ख्याल गर्नुपर्ने<br>२. जनप्रतिनिधिहरुले चुनावका बेलामा गरेको बाचा अनुसारको काम नभएको र अझैपनि विकास निर्माणका काममा असारे हतारको परिपाटी देखिएकाले यसको अन्त्य गर्नुपर्ने<br>३, कर्मचारीहरुलाई क्षमता विकास तालिम दिनुपर्ने र जनसंख्या र सेवाको चापका आधारमा वडामा थप कर्मचारीको व्यवस्था गर्नुपर्ने,<br>४, दम, सुगर, प्रेसर सहितको औषधी स्वास्थ्य संस्थामा नियमित र निशुल्क दिनुपर्ने<br>५, सार्वजनिक सुनुवाई कार्यक्रम अझै प्रभावकारी हुनुपर्ने, प्रचारप्रसार थप गर्नुपर्ने र टोलटोलमा गर्नुपर्ने<br>६, लागु पदार्थ दुर्व्यसनको विरुद्धको अभियानहरु सञ्चालन गर्नुपर्ने र युवा स्वरोजगारको पक्षमा नगर तथा वडाले कार्यक्रमहरु ल्याउनुपर्ने<br>७, वडामा आउने अनुदानका कार्यक्रमहरुको सूचना प्रवाह हुनुपर्ने, सुकुम्बासीको समस्या समाधान गर्नुपर्ने, , सडकबाटोको सुरक्षाका लागि अतिक्रमित सडकहरु खाली गराउनुपर्ने, पोलबत्ती नबसेकामा बाल्नुपर्ने<br>८, पोखरीको सौन्दर्यीकरणमा ध्यान दिनुपर्ने, कृषि अनुदान र मलखाद पारदर्शी रुपमा दिनुपर्ने<br>९, शिक्षामा वार्षिक कार्य योजनाको कमी रहेको छ वडामा बजेटको सिलिग बढाउनुपर्ने र सविक गाविस भएकाले यो वडालाई नगरले प्राथमिकतामा राख्नुपर्ने |




CamScanner



इनरुवा नगरपालिकामा नागरिक सन्तष्टी सर्वे र बर्हिगम अभिमत भर्ने कार्य गर्दै गरेको केही तस्विरहरु

CamScanner



इनरुवा नगरपालिका १ र २ मा नागरिक सन्तष्टी सर्वे र बर्हिगम अभिमत भर्ने कार्य गर्दै




इनरुवा नगरपालिका १ र ७ मा नागरिक सन्तष्टी सर्वे र बर्हिगम अभिमत भर्ने कार्य गर्दै

CamScanner



इनरुवा नगरपालिका ७ र ८ मा नागरिक सन्तुष्टी सर्वे र बर्हिगम अभिमत भर्ने कार्य गर्दै

Partnership Nepal, Sunsari
Estd. 2070



इनरुवा नगरपालिका ३ र ६ मा नागरिक सन्तष्टी सर्वे र बर्हिगम अभिमत भर्ने कार्य गर्दै

साझेदारी नेपाल, सुनसरी
Partnership Nepal, Sunsari
Estd. 2070